सम्वत २०७७ सालको विधेयक नं.    ०२

# भगवतीमाई गाउँपालिका विनियोजन ऐन, २०७७

गाउँसभाबाट पारित मितिः २०७७/०३/१८

भगवतीमाई गाउँपालिका

दैलेख जिल्ला

कर्णाली प्रदेश, नेपाल

# भगवतीमाई गाउँपालिकाको विनियोजन ऐन, २०७७

**प्रमाणिकरण मिति : २०७७/०३/१८**
**राजपत्रमा प्रकाशित मिति : २०७७/०३/१८**

**प्रस्तावना**

भगवतीमाई गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले, नेपालको संबिधानको धारा २२९ को उपधारा (२) बमोजिम भगवतीमाई गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "भगवतीमाई गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७७/२०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७७/२०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचि (१) उल्लिखित चालु खर्च, पूंजिगत खर्च र बित्तिय व्यबस्थाको रकम समेत गरी जम्मा रकम रु **५५,६०,७६,९३०(अक्षरुपी पचपन्न करोड साठी लाख छ्याहत्तर हजार नौ सय तिस रुपैयाँ मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन : (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/२०७८ को निमित्त भगवतीमाई गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूंजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तनी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यबस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि - १
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगत खर्च** | **वित्तिय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | | | | |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगत शाखा | | | | |
| ४ | | ऋणको साँवा ब्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| | | **जम्मा** | | | | |